सर्वोच्च अदालत
काठमाडौं, नेपाल

का.मु. प्रधान न्यायाधीश

## शुभकामना सन्देश

"**कानून दिवस, २०७९**" को अवसरमा सबै नेपाली दाजुभाइ तथा दिदीबहिनीहरुमा हार्दिक शुभकामना व्यक्त गर्दछु। प्रधान न्यायालय ऐन, २००८ लागू भएको दिनको सम्झना स्वरुप प्रत्येक बर्ष वैशाख २६ गते कानून दिवस मनाईंदै आएको छ। स्वतन्त्र न्यायपालिका र शक्ति पृथकीकरण सम्बन्धी मान्यताको व्यवहारिक कार्यान्वयन गर्दै कानूनी शासनको पालनामा कोशेढुङ्गा साबित भएको उक्त दिनको महत्व आज पर्यन्त उत्तिकै रहेको छ।

न्यायिक मूल्य मान्यतामा भएको क्षयीकरणलाई निस्तेज गर्दै स्वतन्त्र न्यायपालिका सम्बन्धी मान्यता, संवैधानिक सर्वोच्चता, नागरिकको हकअधिकारको संरक्षण लगायत विधिको शासनको पालनामा न्यायपालिका प्रतिबद्ध भएर अगाडि बढिरहेको छ। न्यायपालिकामा हुनसक्ने विकृती विसंगती पहिचान गरी नियन्त्रणका उपाय सुझाउन गठीत समितिले पेश गरेको प्रतिवेदनले औंल्याएका सुझावहरु कार्यान्वयन गर्दै न्यायपालिका प्रतिको जनताको आस्था र विश्वास अभिवृद्धि गर्नको लागि छिटो छरितो, विश्वसनीय एवम् गुणस्तरीय न्याय सम्पादन गर्ने कार्यमा सबैले आ आफ्नो क्षेत्रबाट थप क्रियाशिलता देखाउन आवश्यक छ।

**न्याय गरेर मात्र हुदैन गरेको जस्तो पनि देखिनुपर्दछ** भन्ने मान्यतालाई आत्मसात गर्दै न्यायिक काम कारवाही एवम् प्रकृयामा कुनैपनि कोणबाट शंका एवम् अविश्वास पैदा हुन नसकोस भन्ने उद्धेश्यले स्वचालित पेसी व्यवस्थापन पद्धति लागू गर्ने सम्बन्धमा प्राप्त अध्ययन प्रतिवेदनले सुझाए अनुसार स्वचालित पेसी व्यवस्थापन पद्दति लागू गर्नको लागि आवश्यक पर्ने सफ्टवेयर निर्माण लगायत प्राविधिक पक्षको तयारी र सो का लागि आवश्यक पर्ने बजेट निकासाका लागि प्रकृया अगाडि बढाइएको छ। स्वचालित पेसी व्यवस्थापन पद्धति लागू नहुदासम्मको लागि अल्पकालीन उपायको रुपमा गोला प्रकृयाद्वारा पेसी व्यवस्थापन गरी न्यायिक प्रकृयामा पारदर्शीता एवम् स्वच्छताको पूर्ण प्रत्याभूती गरिएको छ।

विश्वव्यापी रुपमा फैलिएको कोरोना भाइरस (covid-19) का कारण सेवा प्रवाहमा ल्याउनुपरेको संकुचनले शीघ्र न्याय सम्पादनको कार्यमा केहि अवरोध सिर्जना भै अदालतहरुमा पुराना मुद्दाहरुको चाप बढेको छ। यस्ता पुराना मुद्दाहरुको शीघ्र फछ्र्यौट गर्नको लागि हरसम्भव प्रयास गरिएको छ। सेवाग्राहीहरुले न्याय प्राप्तीको वास्तविक अनुभूती अदालतबाट भएका

सम्पर्क नं. : +९७७-१-४२००७००, +९७७-१-४२००७०८, रामशाहपथ, काठमाडौं, पोष्ट बक्स नं. : २०४३८,
ईमेल :cjs@supremecourt.gov.np, cjnsecretariat@gmail.com, वेवसाईट : www.supremecourt.gov.np

सर्वोच्च अदालत
काठमाडौं, नेपाल

**का.मु. प्रधान न्यायाधीश**

फैसला कार्यान्वयनमार्फत मात्र गर्न सक्ने भएकोले फैसला कार्यान्वयनको विषयलाई प्राथमिकतामा राखिएको छ।

क्षतिपूर्तिसहितको न्यायको संवैधानिक सुनिश्चितताको विषयलाई व्यवहारमा कार्यान्वयन गर्नको लागि न्यायपालिका हर तरहले प्रयासरत रहेको छ। पीडित राहत कोषको प्रभावकारी परिचालनमा सरोकारवाला सबैको सकारात्मक पहल आवश्यक देखिएको छ।

साथै, न्यायपालिकामा गरिने सुधारको विषय न्यायपालिकाको एकाङ्की विषय होइन। यस प्रणालीमा आबद्ध सबैको सामूहिक प्रतिबद्धताको साझा उपलब्धि हो भन्ने कुरामा म विश्वस्त छु। न्यायपालिकाले रणनीतिक योजनामार्फत चालेका सुधारका कार्यमा न्यायाधीश, सरकारी वकिल तथा कानून व्यवसायी, न्यायपालिकामा कार्यरत अधिकृत एवम् कर्मचारीहरूलगायत सरोकारवाला निकाय एवम् संस्थाहरूको सकारात्मक सहयोग प्राप्त हुन सकेमा मात्र आशातीत सफलता प्राप्त हुनसक्ने देखिन्छ।

अन्त्यमा, कानून दिवसको यस अवसरमा कानूनको शासनप्रतिको प्रतिबद्धता एवम् पालनामा सम्बन्धित सबैलाई थप हौसला एवम् प्रेरणा प्रदान हुन सकोस् भन्ने शुभेच्छा व्यक्त गर्दछु।

वि.सं. २०७९ वैशाख २६ गते सोमवार

दीपक कुमार कार्की

कायम मुकायम प्रधान न्यायाधीश

सम्पर्क नं. : +९७७-१-४२००७००, +९७७-१-४२००७०८, रामशाहपथ, काठमाडौं, पोष्ट बक्स नं. : २०४३८,
ईमेल :cjs@supremecourt.gov.np, cjnsecretariat@gmail.com, वेवसाईट : www.supremecourt.gov.np